# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- २०८२/०८३
च.नं. :-

मिति: २०८३/०३/३२

**सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

उपरोक्त सम्बन्धमा सामाजिक सुरक्षा ऐन २०७५, नियमावली २०७६, को नियम (९) को उपनियम १ तथा सामाजिक सुरक्षा कार्यविधि २०७७, को दफा ४ अनुसार प्रत्येक सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुले अर्को आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि श्रावण देखि भाद्र मसान्त सम्ममा अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको बिदितै छ। सोहि व्यवस्था अनुरुप यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामाजिक सुरक्षा लाभग्राहीहरुलाई आफ्नो सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई २०८३ भाद्र मसान्त अगाबै सा.सु. परिचयपत्र नवीकरण गराउनुहुन अनुरोध छ।

**तपसिल**

१. राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक भेरिफिकेसन प्रणालीबाट नवीकरण गरिने भएकोले सम्बन्धित लाभग्राही भौतिक रुपमा वडा कार्यालयमै उपस्थित भएर नवीकरण गर्नु गराउनु हुन।

२. पूर्ण अपाङ्ग,९० वर्ष भन्दा माथिका वृद्ध तथा अशक्त भई वडा कार्यालयसम्म आउन नसक्ने लाभग्राहीहरुले आफू बसेको स्थानको विवरण सहित वडा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ। सो पश्चात सम्बन्धीत लाभग्राही रहेकै स्थानमा पुगी नवीकरण गरिने व्यवस्था मिलाइनेछ।

३. नवीकरणको लागि आवश्यक फाराम सम्बन्धित वडा कार्यालयले उपलब्ध गराउनेछ।

**सा.सु. परिचयपत्र नवीकरणको लागि आवश्यक कागजातहरु:**

१. नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्र

२. सा.सु. परिचयपत्र

३. ६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको प्रमाणपत्र

४. राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र आवेदन फाराम (राष्ट्रिय परिचयपत्र नम्बर उपलब्ध नगराउनु भएका तथा नयाँ लाभग्राहीहरुको हकमा)

.........................................
केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत